# राई जातिका भाषा र संस्कृति

*किराँती जेवी राई (लोहरुङ)*

भनिन्छ, नेपाल चार जात छत्तीस वर्णको साबा फूलवारी हो । र, त्यही फूलबारीको पूर्वी छेउमा फूलेको एउटा मगमगाउने फूल हो राई जाति ।

ई.सं. १९८१-८४ मा जर्मनीको किल विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयका भाषा वैज्ञानिकहरूको भाषा सर्वेक्षणमा आधारित 'पूर्वका राईहरू' नामक पुस्तक बमोजिम नेपालमा २८ प्रकारका राई भाषाहरू पाइन्छन् । अर्थात् भाषाका दृष्टिकोणले २८ भाषा बोल्ने राईहरू पाइन्छन् नेपालमा । ती हुन् १ लोहरुङ २ आठपहरे/आठपरे/अठपहरिया ३ कुलुङ ४ खालिङ/खालुङ ५ चामलिङ/रोदोङ ६ चौरसिया/उम्बुले ७ छुक्वा/चुक्वा पाहिङ ८ छुलुङ/छिलिङ/छलङ ९ जेरुङ/जेरोङ १० तिलुङ ११ थुलुङ १२ दुङमाली १३ दुमी १४ नाछिरिङ १५ पुमा/पोमा १६ फाङदुवाली १७ वान्तवा/वोन्तवा १८ वाहिङ/वायङ १९ बुङ्ला २०, वेल्हरिया/वेलारे २१ वोखिम २२ मेवाहाङ/ मेवोहाङ २३ याक्खा २४ लिङखिम २५ लुम्बा (याक्खा शाखा) २६ साङपाङ/साम्पाङ/ पाङ्गपाहाङ २७ साम २८ बुङ्ला ।

यी मध्ये छिनताङ, छुक्वा, फाङदुवाली र बुङ्ला भाषाहरू प्रायः लोप भइसकेका छन् । र, कतिपय अझै लोप हुने स्थितिमा छन् ।

भाषा र संस्कृतिको दृष्टिकोणले अत्यन्तै धनी मानिएका राईहरूको आ-आफ्नै प्रकारका परम्परागत संस्कृति र मान्यताहरू रहेका छन् । एक राईले अर्को राईको भाषा बुझ्न सकिदैन । बसोबासकै दृष्टिकोणले पनि यी राईहरू फरक फरक ठाउँमा रहेका छन् ।

जस्तै - लोहरुङ, मेवाहाङ, याम्फु, कुलुङ र याक्खा/देवान राईहरू संखुवासभा जिल्लामा पाइन्छन् । तर त्यहाँ पनि यी राईहरूको बसोबास फरक फरक ठाउँमा रहेको छ । धनकुटा जिल्लामा आठपहरिया राईहरू पाइन्छन् भने सोलुखुम्बुतिर थुलुङ, खोटाङतिर चामलिङ, साङपाङ, दुमी, नाछिरिङ, भोजपुरतिर कोपु, वान्तवा राईहरूको मूल बसोबास रहेको छ । हाल देश-काल र परिस्थितिले जहाँ-जहाँ बसोबास गर्न पुगेतापनि ती ठाउँहरू उनीहरूको मूलथलो मानिन्छन् ।

त्यस्तै, ओखलढुङ्गाजिल्लातिर चौरसिया/उम्बुले, जेरुङ/ जेरोङ, थुक्वा/ चुस्वा/ पाहिङ/ पाईदङ राईहरूको मुख्य बसोबास रहेको छ । यसरी नेपालको पूर्वी भागमा छरिएर रहेका यी राईहरूको आफ्नै प्रकारको भौतिक परम्पराहरू रहेका छन् । फरक यति मात्र छ कि एक राईको भाषा अर्को भाषाको राईले बुझ्दैनन् भने चाडपर्वमा गरिने विधि विधानमा पनि त्यस्तै फरक पाइन्छ ।

सबै खम्बु किराँत राईहरू प्रकृतिपूजक नै छन् । उनीहरू आफूलाई यही अर्थमा प्रकृतिपूजक ठान्छन् । पारुहाङ र सुम्निमालाई आफ्नो इष्ट देव-देवता ठान्ने राईहरूले विशेष गरेर वर्षमा दुईपटक उभौली र उधौलीको रूपमा प्रकृतिको पूजाआजा गरेर आफ्नो धार्मिक अनुष्ठान पूरा गर्छन् ।

वैशाखे पूर्णिमा र मङ्सिरे पूर्णिमाको अवसरमा विशेष गरेर मनाइने उभौली (नयाँ अन्नवाली लगाउने समय) र उधौली (पाकेको अन्नवाली थन्काउने समय)मा सम्पूर्ण किराँत राईहरूले यो पूजा गर्छन् । ढोल र झ्याम्टाको तालमा नाँच्दै गाउँदै मनाइने यो पूजा नै किराँत राईहरूको मुख्य चाड पनि हो । अर्थात् त्यसलाई राईहरूले आ-आफ्नै भाषामा सकिला/सकिवा (शिली) भन्ने गर्छन् भने त्यो नाचलाई पर्वते भाषामा 'चण्डी नाच' भन्ने गरिन्छ ।

त्यसबाहेक यी राईहरूले धेरै सानातिना चाडहरू मनाउँछन् । र, त्यसैगरी-आ-आफ्नै प्रकारले आ-आफ्नो धर्म-कर्मकाण्डहरू सम्पन्न गर्छन् । त्यसरी गरिने धर्म-कर्मकाण्डहरूमा गरिने विधि विधान, नियम तथा परम्परागत मान्यताहरू बेग्ला-बेग्लै हुन्छन् ।

भाषाको दृष्टिकोणले फरक देखिएका राईहरू मध्ये पाइहङ राईहरू पनि एक हुन् । विशेष गरेर ओखलढुङ्गा जिल्लामा मुख्य रूपमा बसोबास गर्दै रहेका पाईहङ राईमा पनि आफ्नै प्रकारका संस्कारहरू रहेको पाइन्छ । उनीहरूले मान्ने उभौली, उधौली (न्वागी, ताम र हङ) आदि पूजाहरू आफ्नै प्रकारको हुन्छ, जुन विधि अर्को राईले गर्ने विधिसँग मिल्न नसके पनि सम्पूर्ण राईको उद्देश्य भने एउटै हुन्छ । त्यो उद्देश्य भनेको नै आफ्नो मौलिक परम्परागत संस्कार र संस्कृति जोगाउँदै इष्ट देव-देवतालाई खुशी पार्नु हो ।

यसरी ओखलढुङ्गाको वढणेश्वर, विगुटार, राँगादिप, वर्नालु, रुम्जाटार भदौरे, मोली, लेखंर्क, दियाले, रातमाटे, माम्खा गाविसहरू लगायत सोलुखुम्बू जिल्लाको बतासे, वेदघारी र सल्यान गाविसहरू, खोटाङजिल्लाको चिचिङ्ग, गौरिगुढ, चिउरीवास, नौलपुर, सोल्मा, घ्याम्पाखर्क आदि गाउँहरूमा छरिएर रहेका 'पाईहङ' राईहरूले गर्दै ल्याएका धर्म-कर्म काण्डहरूमध्ये ताम, र छङ/सेग्रो पूजा पनि प्रमुख मानिन्छन् ।

ताम- यो पूजा पनि उधौली अर्थात् पाकेको अन्नवाली घरभित्र थन्काउने बेलामा गरिने पूजा (न्वागी) जस्तै भए पनि थोरै भिन्नता रहेको छ । किराँत राईहरूको धर्मकर्म गर्नको लागि विजुवाको आवश्यकता पर्छ । त्यही विजुवा नै राईहरूको पुरोहित हुन्छ । तर विजुवा पनि दुई प्रकारका हुन्छन् । जसलाई माङ्पा पनि भन्ने गरिन्छ । किराँतका पुर्खा मानिएका खोकचिलिया (खोकलुचुक्पा) (हेचुक्पा) नै पहिलो भुईफुट्टा विजुवा थिए । विविध तान्त्रिक शक्तिले सम्पन्न तिनै खोकचिलियाका अनुयायीहरू नै आजका विजुवाहरूलाई मानिन्छ ।

किराँत राईहरूको धर्मकर्म गर्नेहरूमा एउटालाई विजुवा भनिन्छ भने अर्कोलाई खाँतवा भनिन्छ । विजुवाले ढोल झ्याम्टा र ढ्याङ्ग्रो छाँदेर धामी बस्छ भने खाँतवाले लिसो र सेडली चलाएर धामी बस्छ । यसमा अर्को एउटा कुल पूजारी पनि हुन्छ । जसले कुलपूजा गर्ने काम गर्छ तर उसले विजुवा र खाँतवाको जरुरी तन्त्र-मन्त्र गरेर लिसो सेउली चलाएर, ढोल झ्याम्टा छाँदेर धामी बस्दैन, जोखना हेर्दैन मात्र मुन्धुमको भर या रिसियाको आधारमा कर्मकाण्ड गर्ने गर्छ ।

तान कार्य (पूजा) भनेको कसैलाई दुःख - बिरामी परेमा या भएमा विजुवाले नाम (साईत) जुटाएमा बिरामी ( मधौरु)ले चाल नपाइकन वेद परेको सुँगुर पानी पार्नु पर्छ अर्थात् सुँगुर चढाउने भाकल गर्नुपर्छ । र, केही अन्य चढाउने थप सामग्री ग्रो (झ्याम्टा) पौराणिक किराँत वेशभूषा चिचि (जि माला) हुनुपर्छ । यो विधि घरभित्रै हुन्छ अनि त्यही शिली हुन्छ । यो कार्य आठ-दश घण्टामा सकिन्छ ।

सेग्रो/हङ

त्यस्तै, ओखलढुङ्गाका 'पाहदङ' राईहरूको अर्को एउटा संस्कार छ, जसलाई हङ अथवा सेग्रो पूजा भनिन्छ । यी राईहरूको परिवारमा कोही बिरामी भएमा उसलाई निको पार्न या बिरामी मुक्त पार्नको लागि जान्ने बिजुवा ( धामी) लाई बोलाएर बिरामीको नाममा जोखाना हेर्ने गरिन्छ । बिरामीलाई के रोग लागेको हो या के ले भेटेको हो सो खुट्याउने काम बिजुवाबाट गरिन्छ । जे रोग लागे पनि, जेले भेटे पनि त्यसबाट छुट्ट्याएर मधौरु (बिरामी)लाई स्वस्थ्य पार्नको लागि देवदेवतासँग पुकार गरेर जोखना हेर्दा 'हङ' जुराएमा बिरामीले थाहा नपाइकन 'तान' कार्य गरे जस्तै यसमा भैसी-राँगो चढाउनुपर्छ ।

त्यसरी आफ्नो दिवु (देव)हरूसँग राँगालाई पानी पारेर पुकार गर्दै बल शक्ति पाएर बिरामी स्वस्थ्य भएमा आउँदो सालहरूमा उक्त बिरामीको नाममा 'सेग्रो' गरिन्छ । र, बिरामी निको नभई मरेको अवस्थामा पनि पहिले चढाएकै राँगाबाट मर्ने मान्छेको नाममा सेग्रो अर्थात् बुलुचुक्चो (वार्षिकी) जस्तो कार्य गर्ने चलन 'पाइहङ' राईहरूमा पाइन्छ । यो पनि यी राईहरूको एउटा पवित्र संस्कार मानिन्छ ।

*- तोपगाछी- ८, झापा*